# प्रदेश सरकार
# प्रदेश नं. ५
# भौतिक पूर्वाधार विकास मन्त्रालय
# रुपन्देही, बुटवल

**विज्ञापन नं. ०२/०७६/७७** **(पहिलो पटक प्रकाशित मितिः २०७६/०८/१३)**

यस मन्त्रालय र स्थानीय तहहरुको साझेदारीमा प्रदेश नम्बर ५ अन्तरगतका स्थानीय तहहरुको खानेपानी सरसफाई तथा स्वस्च्छता योजना निर्माण गर्न लागिएकोले यस मन्त्रालयबाट मिति २०७६/०७/०९ मा प्रकाशित सुचना अनुसार आवश्यक संख्यामा योग्यता पुगेका दरखास्त नपरेकोले तपसिल बमोजिमका थप स्वयम् सेवकहरु करारमा लिन आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मन्त्रालयले तोकेको दरखास्त फाराम भरि दरखास्त पेश गर्नुहुन आव्हान गरिएको छ।

पद : वास योजना संयोजक (स्वयम् सेवक करार)
कार्य क्षेत्र : मन्त्रालयले तोकिएको स्थानीय तह
सेवा अवधि : ३ महिना
पद संख्या : केहि
न्युनतम शैक्षिक योग्यता : स्नातक तह उत्रिण
न्युनतम कार्य अनुभव : खानेपानी सरसफाई, ग्रामिण विकास कार्यक्रम सम्बन्धि स्थानीय स्तरमा समन्वय एवम् सहजीकरण गरेको २ वर्षको अनुभव
कम्प्युटर सिप : माइक्रो सफ्ट अफिस सम्बन्धि राम्रो दख्खल भएको
कार्य विवरण : वास कार्यदल गठन गरि स्थानीय तह एवम् वडा स्तरको वास योजना तर्जुमा कार्य योजना वनाउन स्थानीय तहलाइ सहयोग गर्ने। तथ्यांक संकलक छनोट गर्न स्थानीय तहलाइ सहयोग गर्ने। तथ्यांक संकलकहरुलाई मोबाइल एप्लिकेसन माफर्त गरिने तथ्यांक संकलन तालिम प्रदान गर्ने, तथ्यांक संकलन गर्ने व्यवस्था मिलाउने तथा संकलित तथ्यांकहरुको दैनिक रुपमा सम्पादन गर्ने। वास योजना निर्माणका लागि आवश्यक संकलित तथ्यांकहरुको प्रारम्भिक विस्लेषण गर्ने। वास योजना सम्बन्धि मन्त्रालय तथा स्थानीय तहहरुले संचालन गर्ने कार्यक्रमहरुको समन्वय एवम् सहभिकरण गर्ने।

दरखास्त दाताले दरखास्त फाराम पेश गर्दा तपसिल बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

- मन्त्रालयले तोकेको दरखास्त फाराम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- प्राप्त र प्रदान गरेका तालिमहरुको प्रमणपत्रको प्रतिलिपि (३ वा सो भन्दा बढी दिने तालिमको मात्र)
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दिने पदको लागि तोकिएको अन्य कागजातहरु

**द्रष्टव्यः**

- यो सूचना प्रकाशित मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र मन्त्रालयमा दरखास्त पेश गरि सक्नुपर्नेछ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा स्वतः त्यसदिनको भोलिपल्ट सम्म म्याद कायम रहनेछ। साथै दरखास्त फाराम तोकिएका अन्य कागजातहरु सहित मन्त्रालयको इमेल mopid.pr5.wss@gmail.com मार्फत समेत पेस गर्न सकिने छ।
- सम्बन्धित स्थानीय तह, महिला, दलित तथा पिछडावर्गहरुलाइ प्राथमिकता दिईनेछ।
- कर्मचारी छनौट सम्बन्धी आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।
- संक्षिप्त सूचीमा परेका दरखास्त दाताहरुलाई मात्र कम्प्युटर शिप परिक्षण तथा अन्तरवार्तामा समावेश गरिनेछ
- कम्प्युटर शिप परिक्षण तथा अन्तरवार्ताको मिति, समय र स्थान मन्त्रालयको सूचना पाटीमा टाँस गरिनेछ।
- दरखास्त फाराम यस मन्त्रालयको वेव साइट www.mopid.p5.gov.np मार्फत डाउनलोड गर्न वा मन्त्रालयको खानेपानी तथा सरसफाइ महाशाखामा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ।